Bird Conservation Nepal ESTD. 1982 नेपाल पंछी संरक्षण संघ

# मुनाल

नेपाल पन्छी संरक्षण संघ

त्रैमासिक पत्रिका | वर्ष १७ | अङ्क १ | बैसाख/असार २०७३

# जाजरकोटमा दुर्लभ पन्छीको अध्ययन र संरक्षणसँग जोडिएका स्मृतिहरू

- गोविन्दबहादुर सिंह

नेपालको मध्य-पश्चिममा अवस्थित दुर्गम पहाडी जिल्ला जाजरकोटको उत्तरी बारेकोट क्षेत्रमा मेरो जन्म र बालापन बित्यो। भौगोलिक रूपमा विकट तथा पिछडिएको यस क्षेत्र जैविक विविधताको दृष्टिमा भने अब्बल रहेको पछिल्ला अध्ययन् अनुसन्धानहरूले देखाइरहेका छन्। विगत तीन वर्षदेखि यसक्षेत्रमा पाइने दुर्लभ चराहरूको खोज, अनुसन्धान र संरक्षणमा क्रियाशील छु र यसै सन्दर्भमा गाँसिएका अध्ययन् सफलता र स्मृतिहरू यस आलेखमार्फत तपाईंहरू माझ बाँड्न चाहन्छु। सानोदेखि नै गिद्धसँग साक्षात्कार र परिचित म, छिनाफपटी गर्दै सिनो लुछिरहेका गिद्धहरूको बथान र चर्तिकला देख्दा





अवश्य सुन्नुहोस् ।

# पन्छी संसार

रेडियो सगरमाथा १०२.४, ललितपुर, शनिबार बिहान ७:४५
रेडियो हिमचुली ९२.२, पोखरा, शनिबार बिहान ६:००
विजया एफ.एम. १०१.६, गैंडाकोट, शनिबार बिहान ६:१५
रेडियो कृष्णसार ९४.०, नेपालगंज, आइतबार बिहान ७:१०
रेडियो परिवर्तन ८६.४, इटहरी, शनिबार बिहान ८:४५

मन आनन्दित हुन्थ्यो। समयक्रमसँगै हजारौंको संख्यामा यत्रतत्र सर्वत्र पाइने ती गिद्धहरू पछिल्ला दशकहरूमा सयौंमा र विरलै देखिन थाले। पेशाले पशु स्वास्थ्यकर्मी म यसरी गिद्धहरूको अप्राकृतिक बिनाशको कारण त पशु उपचारमा प्रयोग गरिने पिडानाशक औषधि डाइक्लोफेनेक पो रहेछ भन्ने कुरा थाहा पाएँ। सामान्यतया रुचि भएपनि गिद्धका प्रजातिहरू चिन्ने, गुँडहरूको पहिचान गर्ने र महत्वको बारेमा बुझ्ने अवसर मिलेको थिएन। यसै मेसोमा नेपाल पन्छी संरक्षण संघ काठमाण्डौसँग बारेकोट पर्यावरण तथा एकिकृत विकास अभियान जाजरकोट, जिल्ला पशुसेवा कार्यालय जाजरकोट र सक्ला गा.वि.स.को सहकार्यमा गिद्धका बासस्थान पहिचान, अनुगमन र जनचेतना अभिबृद्धिका लागि विज्ञहरू सम्मिलित अनुसन्धान टोली २०७० चैत्र महिनाको अन्तिम हप्ता जाजरकोटको बारेकोट क्षेत्रमा आउनुभयो। टोलीमा पन्छी संरक्षण संघका जीवविज्ञ कृष्ण भुसाल, पत्रकार हरिहर सिंह राठौर, पशु सेवा कार्यालय जाजरकोटको तर्फबाट म र अन्य स्थानीय अग्रजहरू थियौँ। अध्ययनका क्रममा सक्लाको चौके ढुङ्गा, अध्यारी खोलाको जुवाला, लुहागको दामचौर, दरी, लेगमी खोला, नायक बडाका धुम, घर्तीगाउँ, सिगारी, खसुबारी लगायतका चट्टानी पहाराहरूमा दुर्लभ सेतो गिद्ध, हिमाली गिद्ध र हाडफोर गिद्धका बासस्थान पत्ता लाग्यो। बाँदर पनि लड्ने भिरमा सिगरौ खेल्दै हिँड्दाको जोखिम र दुःख गिद्धका गुँडमा बचेराहरूको चुलबुल चर्तिकला देख्दा बिर्सिएर जाँदो रहेछ। लहँ गा.वि.स. वडा नं. ६ महादेव जङ्गलको सल्लाको रुखमा लोप हुन थालेको सुन गिद्धको गुँड फेला पार्न हामी सफल भयौँ। जाजरकोट नेपालमा सुन गिद्धको बासस्थान भएको पाल्पा पछिको दोस्रो जिल्ला हो। जाजरकोट नेपालको मध्य पहाडमा गुँड बनाई बस्ने चार प्रजातिका गिद्धमध्ये चारै प्रजातिका गिद्धहरूको बासस्थान भएको हालसम्मको अध्ययनमा एकमात्र जिल्ला भएको नेपाल पन्छी संरक्षण संघले बताएको छ।



२०७१ बैशाख १ गते, नयाँ वर्षको दिन सम्भवतः नेपालमै पहिलो पटक हामीहरूले जाजरकोटमा गिद्धलाई भोज खुवाएर मनायौँ। सक्ला गा.वि.स.को सेपु खोलामा रु १८,००० मूल्यको राँगा भोजमा हिमाली गिद्ध ३६ वटा, सुन गिद्ध २ वटा, सेतो गिद्ध १ वटा सहभागी भएभने आकाशमा २ वटा हाडफोर गिद्ध उडेका थिए। भोजमा गिद्धको पहिचान र गणनाको लागि विज्ञ कृष्ण भुसाल सरले सिकाउनु भयो भने करिब ५० जनाजति स्थानीय र हाम्रो टोलीले नयाँ वर्ष बिलकुल नविनतम गिद्ध संरक्षणको काम गरी मनायौँ जुन मेरो जीवनको महत्वपूर्ण अविस्मरणीय दिन बन्यो। गिद्ध भोजको अर्को दिन सक्ला गा.वि.स.को आयोजनामा गिद्ध संरक्षण समुदाय सचेतना कार्यक्रम आयोजन गरियो जहाँ जानकारीमूलक प्रस्तुतिसँगै सक्ला गा.वि.स.लाई गिद्ध सुरक्षित क्षेत्र घोषणा सचिव धनिराम कुमाईले गर्नुभयो। टोली जिल्ला फर्किएपछी जिल्ला पशु सेवा कार्यालय जाजरकोटको आयोजनामा खलङ्गामा सरोकारवाला स्तरीय अन्तरक्रिया तथा अनुसन्धानको प्राप्त उपलब्धी सार्वजनिक गरियो।

पेशाको सिलसिलामा गाँउ-गाँउ हिँड्नुपर्ने त्यसपछि म गिद्ध संरक्षण को अभियान्ता बने। कार्यालय बिदाका दिनहरू पहरामा गिद्धका बासस्थान खोज्न र भेरी तथा नलसिंहगाँड नदीका किनारमा सिनो कुर्दै घाम तापिरहेका गिद्धको अनुगमनमै बित्न थाल्यो। २०७१ फागुन महिनामा पुनः नेपाल पन्छी संरक्षण संघबाट कृष्ण भुसाल र इश्वरी चौधरी बारेकोट क्षेत्रका समग्र चराहरूको सर्वेक्षण र लोपोन्मुख चीर कालिजको अध्ययनका लागि आउनुभयो। टोलीमा पत्रकार बद्रि पन्त र मपनि सम्मिलित भयौँ। हामीले दुर्लभ सुन गिद्ध, सेतो गिद्ध, हिमाली गिद्ध, हाडफोर गिद्ध, नेपालको राष्ट्रिय पन्छी डाँफे, नेपाल सरकारद्वारा संरक्षित सूचीमा सुचिकृत पन्छी मुनाललगायत करिब एकसय साठीभन्दा बढी प्रजातिका चराहरू सर्वेक्षण तथा अनुगमन गऱ्यौँ। विश्वमै दुर्लभ र नेपालको वन्यजन्तु ऐनद्वारा संरक्षित पन्छी चीर कालिज समुन्द्री सतहबाट करिब २१३५ मि. उचाइँमा जाजरकोटको सक्ला गा.वि.स. १ लैखमको ऐरेनी सामुदायिक वनमा फेला पार्दाको क्षण स्मरणीय छ। बिहान सबेरै र साँझ परेपछि मात्र कराउने उक्त पन्छी भेट्टाउनुछ, हिउँ र सिमसिम वर्षाको कारण मौसम अकल्पनीय चिसो छ। बिहान चार बजे नै ओढारमा लुकी कल रेकर्ड बजायौँ। भर्र उडी एकजोडी चीर हाम्रै सामुन्नेमा आए। अँध्यारोमा फोटो खिच्न त मिलेन तर धित मरुन्जेल हेरियो, “आहा कति सुन्दर पन्छी”। हाम्रो अनुसन्धान टोलीले गिद्ध तथा चरा संरक्षण , चोरी शिकार नियन्त्रण र जैविक र विविधता संरक्षणमा स्थानीय समुदायमाझ जनचेतना जगाउन लँह र बारेकोट क्षेत्रका समुदाय र विद्यालयमा चेतना अभिबृद्धि तथा प्रशिक्षण कार्यक्रमहरू पनि सम्पन्न गऱ्यौँ। त्यसपछिका



दिनमा मेरो खोजी तथा संरक्षणको अभियानमा गिद्धसँगै चीर कालिज र अरु चराहरूपनि परे। जिल्ला देखि स्थानीय टोलहरूमा गिद्ध, चीर र चरा संरक्षणका बहस र सचेतना प्रबर्चनहरू अनिवार्य जस्तै हुनथाले। पशु स्वास्थ्य प्राविधिक भएकोले कार्यालय समयबाट फुर्सद निकाल्नै गारो र आफ्नै खर्चमा खोजका लागि हिँड्नुपर्ने बाध्यताले बेला बेलामा निस्क्रिय भावना नआएको होइन तर मन नमान्दो रहेछ। जे होस्, पन्छी संरक्षण संघका सरहरूको उत्प्रेरणा, स्थानीय समुदायको सहयोग र कार्यालयका सहकर्मीहरूको सहानुभूतिले वातावरणीय अनुसन्धान र संरक्षणमा हिँडिरहन प्रेरणा मिलेको छ। तर, आमबुझ्आइ यसले कति पैसा खाएर मात्र यसरी हिँडेको छ भन्ने हुँदोरहेछ।

चीरको खोजीमा जिल्लाको बारेकोट क्षेत्रमा पर्ने जन्ते, बल्ले, जुम्लीपोखरी, किमु गैरा, बागचौर, रागाँचौपारी, देउराली पाटन, बल्लेबुके, रूप प्यारी र लँहको फुलबारी, खगेनकोटको मङसिरेका भीर चहारी फोटो खिच्न सफल भएँ। त्यसै गरी जुम्ला जिल्लाको पटमारा गा.वि.स.मा पनि चीर भेटाउन सफल भएँ। यस वर्षपनि म बारेकोट क्षेत्रका सबै गा.वि.स.मा घुमी केही नयाँ ठाउँमा हिमाली, हाडफोर र सेतो गिद्धका गुँड भेट्टाउन सफल भएँ। गत चैत्र महिनामा विषाक्त सिनो खाई बिरामी भएका दुई हिमाली गिद्धको रिम्नाबाट कालीमाटी लगी तीन दिनसम्म उपचार गरी बचाउन सफल भएँ। घाइते गिद्धको उपचार काखातिर जीपको छतमा राखी लिएर हिँड्दा कतिपयले त गोबिन्द बहुलायो कि के हो समेत भने। एक घाइते कागको उपचार गरी छोड्दा पनि नभागी मेरो काँधमा बसी कराउँदा लाग्यो जनावरमा पनि ठूलो समवेदना हुँदो रहेछ।

समग्रमा जाजरकोट जिल्ला जैविक विविधतामा उत्कृष्ट र धनी छ यद्यपी यसको पहिचान र संरक्षणमा राज्यको यथोचित ध्यान जान सकेको छैन। जिल्लामा चोरी शिकार व्याप्त छ जसले गर्दा दुर्लभ रेड पाण्डा, चीर, डाँफे जस्ता जनावर तथा पन्छी लोप हुँदैछन्। खासगरी चोरी शिकार, वनबिनाश र वन डढेलोले नै चीर कालिजका लागि खतरा छन्। घरमा पालिएको चीर लगी जङ्गलमा कराउन लगाउने र पासो थापी जङ्गली चीरको शिकार गरेको पनि पाइन्छ। रुढिबादी परम्परा अनुसार गाँउघरमा कसैको बच्चा नजन्मिएमा वा जन्मदै मर्दै गरेमा नाग लागेको भन्दै गिद्ध समाती ल्याउने र खोपाउने चलन छ। त्यस्तै धेरै धन सम्पति नाश भएमा वा ग्रहदशा बिग्रेमा गिद्धसँग मित लगाउने भन्दै गिद्धको घाँटीमा ध्वजा वा घण्टी झुन्ड्याइदिने चलन छ। समाजमा व्याप्त यस्ता नकारात्मक परम्पराहरूले पनि गिद्ध संरक्षणमा चुनौति छ। स्याल, चितुवा, भालु, ब्वाँसो मार्ने नाममा सिनोमा बिषको प्रयोगले गिद्ध लगायत अन्य वन्यजन्तु मार्ने अवैधानिक कार्यहरूले गिद्ध संरक्षणमा समस्या छ। त्यसैले प्रकृतिको अभिन्न अङ्ग गिद्ध, अन्य चराहरू र समग्र जैविक विविधता संरक्षणमा सबैले हातेमालो गरी अघि बढनु जरुरी छ। समुदाय तथा विद्यालयमा संरक्षण सचेतना बढाउनु र चोरी शिकार नियन्त्रण गर्नु अत्यन्तै जरुरी छ। बारेकोट क्षेत्र चरा र अन्य जैविक विविधताको हिसाबले उत्कृष्ट भएकाले बर्डलाइफ इन्टरनेशनलको अवधारणा अनुसार चरा तथा जैविक विविधताका लागि महत्वपूर्ण बासस्थान घोषणा हुँदैछ भन्ने सुनिएको छ। यस अभियानले यस क्षेत्रको अध्ययन र संरक्षणमा थप टेवा पुर्‍याउनुका साथै अन्तर्राष्ट्रिय स्तरमा पनि प्रचार प्रसार र ख्याति कमाउने विश्वास छ।

*पशु स्वास्थ्य प्राविधिक*
*जिल्ला पशु सेवा कार्यालय*
*जाजरकोट*

# प्रकृति

*अतिक्रमण गर्दै गयौ जङ्गल सबै नासिदियौ*
*बासस्थानको अभाव बनाई वन्यजन्तु मासिदियौ।*
*बाढीपहिरो भू-क्षय बढाई डाँडाकाँडा भासिदियौ*
*प्रकृतिको सुन्दर मुहार धेरै ठाँउमा तासिदियौ॥*

*सगरमाथाको देश भनी तिमी आफै गर्व गर्छौ*
*तर यसलाई बचाउन तिमी झन्झन् पछी सर्छौ।*
*मिथेन-कार्बन-सल्फर बढाई वातावरण दुषित गर्छौ*
*अतिबृष्टि अनाबृष्टिले नै तिमी एकदिन मर्छौ॥*

*शिकारीका कति गोली वन्यजन्तु माथि चले*
*रक्तधारा बगाउँदै ब्याकुल हुँदै भुँइमा ढले।*
*भगवानको त जन्म हुन्छ बेकसुर माथि अत्याचार बढ्दा*
*तर कसको जन्म हुन्छ निर्दोष जन्तु तड्पी मर्दा॥*

*प्रलयले अब ढ्याङ्ग्रो ठोकिसक्यो*
*बिनासले पनि अब बिगुल फुकिसक्यो।*
*ब्युँझदैछ चाँडै बज्रपात अब*
*जाग जाग जनता एकैसाथ सब॥*



*पर्वत राज थानी*
*नेपाल पन्छी संरक्षण संघ*








# समाचार संक्षेप

## बाह्रौँ वार्षिक गिद्ध सर्वेक्षण सम्पन्नः नेपालमा डङ्गर गिद्धको संख्या स्थिर

नेपाल पन्छी संरक्षण संघबाट संरक्षणविद्हरूको एक टोलीले २०७३ बैशाख २६ गतेदेखि जेठ ७ सम्म गिद्धको बाह्रौँ वार्षिक राजमार्ग ट्रान्सजेक्ट सर्भे सम्पन्न गरेको छ। यस टोलीले तराईको पूर्व-पश्चिम राजमार्ग अन्तर्गत चितवनको नारायणगढबाट शुरु गरी कन्चनपुरको गड्डाचौकीसम्म करिब ५६० किमी राजमार्गमा सर्भे गरेको हो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, नेपाल पन्छी संरक्षण संघ र आरएसपीबी (RSPB), यूकेको सहयोगमा हरेक वर्ष यो सर्भे गरिन्छ। नेपालमा विधिवत रूपमा गिद्धको अध्ययन अनुसन्धान तथा संरक्षण कार्यको थालनी सन् २००२ को राजमार्ग ट्रान्सजेक्ट सर्वेक्षणदेखि भएको हो। यही निरन्तर अध्ययनको सहयोगमा नेपालमा गिद्धको संख्या घट्बढ्को तथ्य पत्ता लगाउनुको साथै गिद्धका बासस्थान नयाँनयाँ स्थानमा फेला पारिएको छ। सन् २००२ को सर्वेक्षणमा २ सय ५ वटा गिद्ध भेटिएका र सन् २००६ मा आउँदा घटेर ५२ को संख्यामा झरेको अध्ययन् प्रतिवेदनमा उल्लेख छ। तर, पछिल्ला तीन वर्षहरू २०१४, २०१५ र २०१६ को सर्वेक्षणमा क्रमशः ६८, ७१ र ७४ देखिएको छ जसले गिद्धको संख्या ह्रास दरमा कमी आई स्थिरता देखाएको छ।



प्रत्येक वर्ष अंग्रेजी महिना मेमा गरिने यस सर्वेक्षणमा गाडी २० किमी प्रति घन्टाको गतिमा राजमार्गमा चलाइन्छ। यस सर्भेले राजमार्गको दुवैतिर १ हजार मिटरको दूरीसम्म देखिएका गिद्धहरूको पहिचान गरी रेकर्ड राख्छ। यस सर्भेमा पूर्व-पश्चिम राजमार्गका अलावा पश्चिमी पहाडी क्षेत्रमा अवस्थित सडक सञ्जाल जस्तैः सल्यान, रुकुम, रोल्पा, प्युठान, अर्घाखाँची, गुल्मी, पाल्पा, स्याङ्जा, कास्की, तनहुँमा पनि सर्भे गरिएको थियो। नेपाल पन्छी संरक्षण संघका गिद्ध संरक्षण कार्यक्रम अधिकृत तथा सर्वेक्षणका प्रमुख अनुसन्धाता कृष्णप्रसाद भुसालसँगै संघका स्थल जीवविज्ञ देवेन्द्र चापागाईँ र गिद्ध प्राविधिक ईश्वरी चौधरी सर्वेक्षणमा सहभागी हुनुहुन्थ्यो।

## पर्यापर्यटन प्रवर्द्धनका लागि घाचोक गिद्ध रेस्टुरेन्टमा भ्रमण तथा अन्तरक्रिया

कास्कीको घाचोकमा अवस्थित गिद्ध रेस्टुरेन्टमा पर्यापर्यटन प्रवर्द्धन



गर्ने उद्देश्यले पोखरामा रहेका पर्यापर्यटनसँग सरोकार राख्ने संघसंस्था, पर्यटन व्यवसायी र संरक्षणकर्मीको स्थलगत अवलोकन भ्रमण र स्थानीय समुदायसँग अन्तरक्रिया सम्पन्न गरिएको छ। नेपाल पन्छी संरक्षण संघको सहयोग तथा गिद्ध संरक्षण तथा व्यवस्थापन समिति घाचोक र पोखरा पन्छी समाजको आयोजनमा सम्पन्न अवलोकन भ्रमणमा पाँच प्रजातिका करिब १ सयको हाराहारीमा गिद्धहरू देखिएका थिए। विश्वमै दुर्लभ चार प्रजातिका गिद्धहरू डङ्गर गिद्ध, सानो खैरो गिद्ध, सुन गिद्ध र सेतो गिद्ध नेपालमै सबैभन्दा धेरै र एकै ठाउँमा घाचोकको गिद्ध रेस्टुरेन्टमा मात्र देख्न सकिने नेपाल पन्छी संरक्षण संघका गिद्ध संरक्षण कार्यक्रम अधिकृत कृष्ण भुसालले बताउनुभयो। यस प्रकारका दुर्लभ गिद्धहरूको संरक्षण कार्य र अवलोकनलाई प्रचारप्रसार गरी थुप्रै पर्यटक भित्र्याउन सकिने पोखरा पन्छी समाजका संस्थापक अध्यक्ष तथा पर्यटनकर्मी मनशान्त घिमिरेले बताउनुभयो। पोखरा र यस आसपासका क्षेत्रहरूमा पछिल्लो दशकमा गिद्धको गुँड संख्यामा भारी गिरावट आएकाले आहार व्यवस्थापनसँगै बासस्थान संरक्षणमा पनि जोड दिनुपर्ने विगत १२ वर्षदेखि गिद्धको अनुसन्धान र संरक्षणमा क्रियाशील वैज्ञानिक रामजी गौतमले बताउनुभयो। गिद्ध तथा अन्य चरा अवलोकन, ट्रेकिङ, दृश्यावलोकनसँगै प्राकृतिक, साँस्कृतिक र मानव निर्मित संरचनाको प्रचारप्रसार गरी पर्यटक आर्कषित गर्नुपर्ने पन्छीविद् तथा पुराना पर्यटनकर्मी हरि केसीको तर्क थियो। घाचोकको गिद्ध रेस्टुरेन्टमा गिद्ध अवलोकन घर, सूचना केन्द्र, होमस्टे सञ्चालन, अर्गानिक कृषि आदि कार्यहरू सञ्चालन गरिएको भएपनि पर्यापर्यटन प्रवर्द्धनमा उल्लेख्य सफलता हासिलगर्न नसकेको गिद्ध संरक्षण तथा व्यवस्थापन समिति घाचोकका अध्यक्ष राजाराम पौडेलले बताउनुभयो। हाल घाचोकमा २४ वटा होमस्टे सञ्चालनमा रहेपनि पर्याप्त पाहुँना नआउँदा समस्या भएको व्यवस्थापक क्रान्तिरमण पोखेलको भनाइ थियो। पोखराबाट करिब १३ किमीमा रहेको घाचोक गिद्ध रेस्टुरेन्ट पर्यटकीय नगरी पोखरा र माछापुच्छ्रेको आँगनमै अवस्थित छ, जहाँबाट माछापुच्छ्रे हिमशृङ्खला र सेती नदीको सुन्दर प्राकृतिक खोँचको नजिकैबाट स्पर्श गर्न सकिन्छ। जैविक र साँस्कृतिक विविधताको खानी अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्ने यस रेस्टुरेन्टमा हिमालदेखि तराईसम्मका गिद्धहरूको जमघट देख्न पाइन्छ। नेपालमा पर्यटन व्यवसाय फस्टाउँदै गहिरहेको अवस्थामा यी बहुआयामिक क्षेत्रलाई पनि समेट्न सके सुनमा सुगन्ध हुने भनाइ गिद्ध अनुसन्धाता हेमन्त ढकालको थियो।

## बेल जुस प्रशोधन र उत्पादन तालिम

नेपाल पन्छी संरक्षण संघ अन्तर्गतको नोराड नुफ परियोजनाको सहयोगमा बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने बासगडी नगरपालिका



भित्रको थुमनी गाउँमा रहेको कोलडाँडा मिलिजुली उपभोक्ता समितिका मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहका १२ जनालाई यही वैशाख २५ देखि ३० गतेसम्म बेल जुस प्रशोधन र उत्पादनको ६ दिने तालिम दिइएको थियो। उक्त तालिममा सहभागीहरूले बेल सङ्कलन, छनोट, सरसफाइ, काट्नेदेखि लिएर पल्प बनाउने र उक्त पल्पलाई प्रशोधन गरी जुस उत्पादन गर्न सिकाइएको थियो। उक्त समूहलाई नेपाल पन्छी संरक्षण संघले प्रशोधन मेसिनसहितका चाहिने सामग्री पनि उपलब्ध गराइदिएको थियो। साथै, तालिम ख्यातिप्राप्त प्रशिक्षक नेपाल हर्बल संघका अध्यक्ष तथा अल्टरनेटिभ हर्बल प्रोडक्ट प्रालिका प्रोप्राइटर श्री गोविन्द घिमिरेज्यूले दिनुभएको थियो। उक्त बेल जुस उद्योगलाई तालिम प्राप्त समितिले साना तथा घरेलु उद्योगमा समेत दर्ता गराइसकेका छन्।



## पन्छी अवलोकन तथा जनचेतना कार्यक्रम

४४औँ विश्व वातावरण दिवसको अवसर पारी नेपाल पन्छी संरक्षण संघले यही जेठ २३ गतेका दिन बर्दिया जिल्लामा अवस्थित बबई नगरपालिकामा पर्ने भुरिगाउँका विद्यार्थीलाई लक्षित गरी बर्दिया राष्ट्रिय निकुञ्जको बबई क्षेत्रमा पन्छी अवलोकनका साथै जनचेतना कार्यक्रमको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा ४६ प्रजातिका चराहरू देख्न पाइएको थियो। अवलोकनको क्रममा गाजले पिट्टा, खोले हुट्टिट्याउँ, सानो माटीकोरे, काफल पाक्यो लगायतका चराहरू देखिको थियो। उक्त कार्यक्रममा नेपाल पन्छी संरक्षण संघ, बर्दिया प्रकृति संरक्षण क्लब, नेचर गाइड बर्दिया, सञ्चारकर्मी र बर्दिया एजुकेशनल एकेडेमीका विद्यार्थी सहित २० जनाको सहभागिता रहेको थियो। कार्यक्रममा विद्यार्थीलाई पन्छीहरूले वातावरणमा खेल्ने भूमिका, त्यसको महत्त्व र त्यसको बासस्थानका साथै जैविक विविधताको संरक्षणमा हामीले खेल्नुपर्ने भूमिकाको बारेमा चेतना प्रदान गरिएको थियो।



## २१औँ वन्यजन्तु सप्ताहमा चरा अवलोकन कार्यक्रम

२१औँ वन्यजन्तु सप्ताह मनाउने क्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र नेपाल पन्छी संरक्षण संघको सहयोगमा काठमाण्डौमा चरा अवलोकन कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रम २१औँ वन्यजन्तु सप्ताहको चौथो दिन शिवपुरी नार्गाजुन राष्ट्रिय निकुञ्जमा भएको थियो। कार्यक्रममा विभिन्न सरकारी एवं गैरसरकारी संघसंस्थाका प्रतिनिधि, विद्यार्थी, पत्रकार र पन्छीप्रेमी अवलोकनकर्ता गरी जम्मा २ सयजनाको सहभागिता रहेको थियो। उपस्थित सहभागीलाई तीन समूहमा विभाजन गरी चरा अवलोकन सुरु गरिएको थियो भने कुल ६५ प्रजातिका चराहरू पाइएको थियो। उपस्थित सहभागीहरूलाई सम्बोधन गर्दै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उप-महानिर्देशक डा. महेश्वर ढकालले दीर्घकालीन वन्यजन्तु संरक्षणका लागि अहिलेका युवापुस्तामा शिक्षाको आवश्यकताबारे प्रकाश पार्नुभएको थियो। यसैगरी, शिवपुरी नार्गाजुन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत कमलजङ्ग कुँवरले शिवपुरी नार्गाजुन राष्ट्रिय निकुञ्ज र यसका कार्यक्षेत्रका बारेमा जानकारी दिनुभएको थियो। हरेक वर्ष वैशाख १ देखि ७ गतेसम्म नेपालले विश्व वन्यजन्तु सप्ताह मनाउने गरेको छ। यस वर्षको अरू आकर्षण भनेको चित्रकला प्रतियोगिता, कवितावाचन प्रतियागिता र अन्य सन्देशमूलक कार्यक्रम रहेको थियो।

## घोडाघोडी ताल क्षेत्रमा २१औँ वन्यजन्तु सप्ताह

नेपाल पन्छी संरक्षण संघ र स्थानीय साझेदार चरा संरक्षण नेटवर्कले २१ औँ राष्ट्रिय वन्यजन्तु सप्ताह (१३ देखि १९ अप्रिल २०१६) बैशाख १ देखि ७ गतेसम्म घोडाघोडी ताल क्षेत्रमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको थियो। यस वन्यजन्तु सप्ताह Norad / NOF को "Biodiversity conservation through community mobilization and building sustainable livelihoods for selected IBAs in Nepal" अन्तर्गत आयोजना गरिएको हो।

यस कार्यक्रममा जिल्ला वन कार्यालय कैलालीको मातहतमा रहेको सेक्टर वन कार्यालय, पहलमानपुर, वसन्ता संरक्षित वन, वसन्ता संरक्षित वन परिषद् पहलमानपुर, इलाका वन कार्यालय सुखद, इलाका वन कार्यालय भजनी, इलाका वन कार्यालय पचमुरियाको सहभागिता रहेको थियो। स्थानीय सरोकारवालामा घोडाघोडी मञ्च, सामुदायिक वन उपभोक्ता समूहहरू, प्रकृति संरक्षण समूह र विद्यालयमा रहेका इको क्लबहरूको उपस्थिति रहेको थियो। चरा अवलोकन, अन्तरक्रिया र सामुदायिक वनहरूका प्रतिनिधिहरूमा चरा तथा जैविक विविधता संरक्षण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी मनाइएको कार्यक्रममा १ सय २१ जनाको सहभागिता रहेको थियो।





## राष्ट्रिय पन्छी फोटो प्रतियोगिता सम्पन्न

नेपाल पन्छी संरक्षण संघ, फ्रेन्ड्स अफ बर्ड्स र हिमालयन म्याप हाउसको संयुक्त आयोजनामा राजधानीको नेपाल आर्ट काउन्सिलमा राष्ट्रिय पन्छी फोटो प्रतियोगिता सम्पन्न भयो। कार्यक्रम जेठ १ गतेदेखि ६ गतेसम्म आयोजना गरिएको थियो। कार्यक्रमको उद्घाटन नेपाल पन्छी संरक्षण संघका संस्थापक अध्यक्ष हरिशरण नेपाली काजीज्यूले गर्नुभएको थियो र कार्यक्रममा बोल्दै संघका प्रमुख कार्यकारी अधिकृत डा. नरेन्द्रमान बाबु प्रधानले यस कार्यक्रमको उद्देश्य भनेको बर्ड फोटोग्राफीमा लागिपरेका र लागिपर्न चाहनेलाई प्रोत्साहन गर्ने र यस प्रकारको प्रदर्शनीबाट चरा सम्बन्धी जनचेतना फैलाउनु हो भन्ने बिचार प्रस्ट्याउनुभयो।

प्रतियोगितामा जम्मा ७८ वटा फोटो प्रदर्शनीमा राखिएको थियो भने तीमध्येका उत्कृष्ट प्रथम, द्वितीय र तृतीयलाई सम्मान पत्रका साथै क्रमशः नगद १५ हजार, १० हजार र ५ हजार रुपैयाँ प्रदान गरिएको थियो। पुरष्कृत हुने प्रथममा इयुरेसियन कुकु चराको तस्विरका लागि विकास बस्नेत, द्वितीयमा ग्रेटर येल्लो नेप चराको फोटोका लागि पद्मसुन्दर शाक्य र तृतीयमा बेब्याक स्राइक चराको फोटोका लागि कृष्णकाजी प्रजापति हुनुहुन्थ्यो। यसबाहेक प्रतियोगितामा दुर्लभ चराको फोटोतर्फ नरेश कुशीको तिबेतन लार्कले नगद ५ हजार जित्न सफल हुनुभएको थियो। यसैगरी, कार्यक्रमको अन्तिम दिनमा सहभागी दर्शकले मन पराउनुभएको एक उत्कृष्ट फोटोलाई पनि सम्मान गरिएको थियो। यसअन्तर्गत भोटिङ प्रणालीबाट सबैभन्दा धेरै रुचाइएको विकास बस्नेतको ग्रेट करमोरेन्ट चराको तस्बिरले धेरैको मन जित्न सफलभएको थियो।



## बाँके राष्ट्रिय निकुञ्जमा चरा सर्वेक्षण

राष्ट्रिय प्रकृति संरक्षण कोषको सहयोगमा नेपाल पन्छी संरक्षण संघले यही वैशाख १३ र १४ मा बाँके राष्ट्रिय निकुञ्जमा चरा सर्वेक्षण गरेको थियो। निकुञ्जको मुख्य र मध्यवर्ती क्षेत्रमा गरिएको सर्वेक्षणमा १ सय ७६ प्रजातिका चराहरू पाइएका थिए। जसमध्ये चार विश्वमै र पाँच राष्ट्रियस्तरमा खतराको सूचीमा परेको प्रजाति भेटिएका थिए। निकुञ्जमा ढुङ्गा बालुवा निकाल्ने, चोरी शिकारी, अति चरिचरण, डँडेलोको समस्या रहेको हुनाले यसको नियन्त्रण गर्न अति आवश्यक छ। साथै, निकुञ्जको कर्मचारीलाई वैशाख १४ गते चरा अवोलकन र सर्वेक्षण सम्बन्धी तालिम पनि दिइएको थियो। नेपाल पन्छी संरक्षण संघबाट हेमबहादुर कटुवाल र हठन चौधरी सहभागी भएका थिए।

## हिमालीका परियोजनाका क्रियाकलापको संयुक्त अनुगमन

इसिमोडको हिमालीका परियोजनाको आर्थिक सहयोगमा नेपाल पन्छी संरक्षण संघ र नव प्रभात नेपालको साझेदारीमा विगत जनवरी २०१४ देखि दुम्रीथुम्का आदर्श सामुदायिक वन उपभोक्ता समूह, रौँता गाविस, उदयपुरमा सञ्चालित "Action Research on Ecosystem Management" कार्यक्रमको संयुक्त अनुगमन कार्यक्रम मिति २०७३ वैशाख २८ र २९ गते सञ्चालन भएको थियो। संयुक्त अनुगमन टोलीमा इसिमोड, वन तथा भू-संरक्षण मन्त्रालय, जिल्लास्थित जिल्ला विकास समितिको कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय, जिल्ला पशु स्वास्थ कार्यालय लगायत नेपाल पन्छी संरक्षण संघ र नवप्रभात नेपालका प्रतिनिधिको सहभागिता रहेको थियो। उक्त संयुक्त अनुगमन टोलीले स्थलगत रूपमा नै सञ्चालित क्रियाकलाप र त्यसको उपलब्धीहरूको अनुगमन गर्नुका साथै लाभान्वित समुदायसँग सम्बन्धित क्रियाकलापको प्रक्रिया, उपलब्धी, लाभ र कठिनाइका बारेमा छलफल गरेको थियो। स्थलगत अनुगमन कार्यको अन्त्यमा अनुगमन टोली सदस्यहरूबीच उक्त कार्यक्रमका गतिविधि तथा उपलब्धीलगायत भावी कार्यको सम्बन्धमा अन्तरक्रिया समेत भएको थियो।

## सामुदायिक वनमा जैविक विविधता एवं पारिस्थितिकीय प्रणालीको मूल प्रवाहीकरण नामक परियोजनाको सल्लाहकार समितिको बैठक

सामुदायिक वनमा जैविक विविधता एवं पारिस्थितिकीय प्रणालीको मूल प्रवाहीकरण नामक परियोजनाको सल्लाहकार समितिको बैठक यही मिति जेठ १ गते साँझ ५ बजे नेपाल पन्छी संरक्षण संघ, सामुदायिक वन उपभोक्ता महासंघ र वन विभागको उपस्थितिमा सामुदायिक वनमा जैविक विविधता एवं पारिस्थतिकीय प्रणालको मूल प्रवाहीकरण नामक परियोजनाको विषयलाई लिएर वन विभागका महानिर्देशक श्री गौरीशंकर तिमिलाको अध्यक्षतामा सल्लाहकार समितिको बैठक सम्पन्न भयो।

सो बैठकमा सामुदायिक वन उपभोक्ता महासंघका तर्फबाट अध्यक्ष श्री गणेश कार्की, केन्द्रीय सदस्य श्री ठाकुर भण्डारी, वन विभागका तर्फबाट गौरीशंकर तिमिला, DG, DOF, DR अनुजराज शर्मा, DDG, CFD, प्रकाश लम्साल, Under Secretary, CFD तथा नेपाल पन्छी संरक्षण संघका तर्फबाट डा. नरेन्द्रमान बाबु प्रधान, CEO, इशाना थापा, SCO, सुदिल गोपाल आचार्य, SPO र पर्वतराज थानीको उपस्थिति रहेको थियो।

सो कार्यक्रमको मुख्य उद्देश्य भनेको वर्षको अन्तरालमा गरिएको कार्यक्रमहरूको बारेमा जानकारी गराउनु तथा आगामी दिनका गरिने कार्यक्रमका बारेमा छलफल गरी निर्णयमा पुग्नु रहेको थियो।

## पूर्वी नेपालका थप चार जिल्ला डाइक्लोफेनेक मुक्त घोषणा

पूर्वी नेपालको चार जिल्लाहरू मकवानपुर, धनकुटा, मोरङ र उदयपुरलाई जिल्ला स्तरीय सरोकारवाला निकायमाझ गिद्ध संरक्षण सम्बन्धी सचेतना कार्यक्रम गरी पशु उपचार प्रयोगमा डाइक्लोफेनेक मुक्त जिल्ला घोषणा गरिएको छ। मकवानपुर जिल्लाको हेटौडामा ३० वैशाख २०७३ (१२ मे २०१६), धनकुटा जिल्लाको सदरमुकाम धनकुटामा २४ जेठ २०७३ (६ जुन २०१६), मोरङ जिल्लाको सदरमुकाम विराटनगरमा २६ जेठ २०७३ (८ जुन २०१६) र उदयपुर



जिल्लाको गाईघाटमा २८ जेठ २०७३ (१० जुन २०१६) मा कार्यक्रम गरी घोषणा गरिएको हो। योसँगै हाल नेपालका ५३ वटा जिल्लाहरू पशु उपचार प्रयोगमा डाइक्लोफेनेक मुक्त जिल्ला भएका छन्। रोयल सोसाइटी फर द प्रोटेक्सन अफ बर्ड (RSPB) को आर्थिक सहयोगमा नेपाल पन्छी संरक्षण संघ र जिल्ला पशुसेवा कार्यालय मकवानपुर, धनकुटा, मोरङ र उदयपुरले संयुक्त आयोजना गरी सम्पन्न गरेको थियो। डाइक्लोफेनेक मुक्त जिल्ला घोषणा गर्नुको मुख्य उद्देश्य पशु पचारमा दुखाइ कम गर्न प्रयोग गरिने डाइक्लोफेनेक औषधिको गैरकानुनी रूपमा पशु उपचार प्रयोगमा रोकथाम गर्ने र गिद्ध संरक्षणमा हातेमालो गर्ने थियो।

मकवानपुर जिल्ला डाइक्लोफेनेक मुक्त घोषणा कार्यक्रममा प्रमुख अतिथि मकवानपुर जिल्लाका कार्यबाहक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्तले जिल्लास्थित सरोकारवाला निकायका प्रतिनिधिमाझ घोषणा ब्यानरमा हस्ताक्षर गरी जिल्लालाई डाइक्लोफेनेक मुक्त घोषणा गरेका थिए। डा. रामप्रसाद प्रधानले जिल्लामा डाइक्लोफेनेकको अनुगमनको अवस्था र मुक्त घोषणाका आधारको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए।

प्रमुख अतिथि धनकुटा जिल्लाको प्रमुख जिल्ला अधिकारी सोमप्रसाद भट्टराईले धनकुटा जिल्लालाई डाइक्लोफेनेक मुक्त घोषणा गरेसँगै अन्य सहभागीले पनि घोषणा ब्यानरमा हस्ताक्षर गरेका थिए। जिल्ला पशुसेवा कार्यालय प्रमुख डा. जीवनकुमार सिंहले जिल्लामा डाइक्लोफेनेकको अनुगमनको अवस्था र मुक्त घोषणाका आधारको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए।

मोरङ जिल्लालाई पनि विभिन्न सरोकारवालाको सहभागितामा प्रमुख अतिथि क्षेत्रीय पशु निर्देशनालयका डा. सुवास ढकालले डाइक्लोफेनेक मुक्त जिल्ला घोषणा गरेका थिए। जिल्ला पशुसेवा कार्यालय प्रमुख डा. सुशीलकुमार अधिकारीले जिल्लामा डाइक्लोफेनेकको अनुगमनको अवस्था र मुक्त घोषणाका आधारको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए।

त्यसैगरी उदयपुर जिल्लालाई पनि प्रमुख जिल्ला अधिकारी श्री कृष्णचन्द्र घिमिरेले हस्ताक्षर ब्यानरमा हस्ताक्षर गरी डाइक्लोफेनेक मुक्त जिल्ला घोषणा गरेका थिए। जिल्ला पशु सेवा कार्यालयका डा. एमडी मुस्तफाले जिल्लामा डाइक्लोफेनेकको अनुगमनको अवस्था र मुक्त घोषणाका आधारको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए।

यी कार्यक्रममा नेपाल पन्छी संरक्षण संघ, गिद्ध संरक्षण कार्यक्रमका फिल्ड अधिकृत भुपाल नेपालीले नेपालमा गिद्धको अवस्था, दक्षिण एसियामा गिद्ध संरक्षणमा भइरहेको प्रयास र वातावरणमा गिद्धको महत्त्वबारे जानकारी गराउनुभएको थियो। कार्यक्रममा उपस्थित सरोकारवाला निकायका प्रतिनिधिहरूले गिद्ध संरक्षणमा हातेमालो गर्ने र पशु उपचारमा अवैधानिक प्रयोग गरिने डाइक्लोफेनेकको निरन्तर रूपमा अनुगमन गर्नुपर्नेमा जोड दिएका थिए।

## घोडाघोडीमा विश्व वातावरण दिवस मनाइयो

नेपाल पन्छी संरक्षण संघले विभिन्न सरोकारवालासँग सहकार्य गरी घोडाघोडी ताल क्षेत्रमा २३ जेठ २०७३ (५ जुन २०१६) को दिन विविध कार्यक्रम र्‍याली, सांस्कृतिक थारु नाँच, वातावरण सम्बन्धी नाटक र बृक्षारोपण गरी विश्व वातावरण दिवस मनाएको थियो। वसन्ता संरक्षित वन परिषद्का अध्यक्ष श्री पुष्कल बमको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि सेक्टर वनका नि. वरिष्ठ वन अधिकृत श्री रामचन्द्र सुबेदी रहनुभएको थियो। उक्त कार्यक्रममा विभिन्न निकायका व्यक्तिहरूले वातावरण संरक्षणको महत्त्वबारे आफ्नो मन्तव्य राखेका थिए।

सेक्टर वन कार्यालय पहलमानपुर, वसन्ता संरक्षित वन वसन्ता, संरक्षित वन परिषद् पहलमानपुर, इलाका वन कार्यालय सुखदको सहभागिता रहेको थियो। स्थानीय सरोकारवालामा घोडाघोडी मञ्च, सामुदायिक वन उपभोक्ता समूहहरू, माघी होम स्टे, महिला समूह र विद्यालयमा रहेका इको क्लबहरू गरी करिब ३ हजारजनाको उपस्थिति रहेको थियो।

## रानीबारी सामुदायिक वनमा चरा अवलोकन

यही असार ४ गते नेपाल पन्छी संरक्षण संघले काठमाण्डौको रानीबारीस्थित रानीबारी सामुदायिक वनमा पन्छी अवलोकन कार्यक्रमको आयोजना गरेको थियो। कार्यक्रममा पन्छीप्रेमी अवलोकनकर्ता र विद्यार्थीहरू गरी जम्मा २९ जनाको सहभागिता रहेको थियो। कार्यक्रमको मूल उद्देश्य भनेको रानीबारी सामुदायिक वनमा पन्छीको अवस्थाको विषयमा जानकारी लिनु थियो। उपत्यकाको मध्य भागमा अवस्थित यस रानीबारी सामुदायिक वनलाई भविष्यमा चराहरूका लागि विशेष संरक्षित क्षेत्रका रूपमा विकास गर्ने सोचसमेत रहेको संघका कार्यकारी अधिकृत डा. नरेन्द्रमान बाबु प्रधानले बताउनुभयो। उक्त कार्यक्रमको नेतृत्व गर्नुभएका पन्छीविज्ञ राजेन्द्र गुरुङले सो क्षेत्र चराचुरुङ्गीका लागि उचित बासस्थान रहेको बताउनुभयो। साथै उहाँले यस रानीबारी सामुदायिक वनमा जम्मा ३४ प्रजातिका चराहरू देखिएको जानकारी समेत दिनुभयो।

## सदस्यता

श्री भाष्करनाथ भट्टराई यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ पन्छी अवलोकनमा विशेष रुचि राख्नुहुन्छ।

डा. राजेन्द्र केसी यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ लामो समयदेखि संरक्षणका क्षेत्रमा क्रियाशील हुनुहुन्छ।

श्री सुनिल श्रेष्ठ यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ पन्छी अवलोकनमा विशेष रुचि राख्नुहुन्छ।

श्री देवेन्द्र चापागाईं यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ यस संघमा फिल्ड बायोलोजिस्टका रूपमा कार्यरत हुनुहुन्छ।

श्री शैलेश लामिछाने यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ नोबल ट्रेक प्रा.लि.मा निर्देशकका रूपमा कार्यरत हुनुहुन्छ।

श्री मुना मुनिकर यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ यस संघमा लेखा सहायकको रूपमा कार्यरत हुनुहुन्छ।

डा. विकास धौबन्जर यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ यस संघमा भेटेरिनरी अधिकृतका रूपमा कार्यरत हुनुहुन्छ।


| | |
|---|---|
| *सम्पादक* | सन्जय अधिकारी |
| *भाषा* | साधुराम बास्कोटा |
| *लेआउट* | क्यालिग्राफिक डिजाइन स्टुडियो |
| *प्रकाशक* | नेपाल पन्छी संरक्षण संघ |

*यस त्रैमासिक पत्रिकाको प्रकाशन सहयोगी संस्थाहरू*

giving nature a home rspb — Royal Society for the Protection of Birds, UK

BirdLife INTERNATIONAL — BirdLife International





# BirdLife International

**BirdLife International** विश्वभरिका चरा संरक्षण गर्ने संस्थाहरूसँग साझेदारी, प्रतिनिधि नियुक्त गरेर वा लगनशील पन्छीविद् व्यक्तिहरूसँग मिलेर काम गर्ने संस्था हो। नेपाल पन्छी संरक्षण संघ यस संस्थाको नेपालका लागि साझेदार संस्था हो।

**BirdLife International** ले विश्वभरिका चराहरू र त्यसको बासस्थान संरक्षणका लागि काम गर्नु र यसबाट जैविक विविधता जगेर्ना गर्ने गर्दछ। यसले चराहरूलाई परिरहेको समस्या तिनीहरूको बासस्थान र विश्व वातावरणलाई सामाजिक, आर्थिक र साँस्कृतिक पक्षसँग अन्तर सम्बन्ध स्थापित गरी वातावरणीय तथा सामुदायिक दिगो विकास गर्ने प्रमुख लक्ष्य राखेको छ।

**BirdLife International** ले चराहरूका लागि महत्वपूर्ण योगदान गरेको छ। चराहरू वातावरणका संकेतक हुन् र यिनीहरूले वातावरणीय प्रक्रियामा महत्वपूर्ण योगदान गर्दछन्। यिनीहरूले मानवको प्राकृतिक प्रक्रिया बुझ्न मद्दत गर्दछन्। पन्छीहरूको निकै ठूलो आर्थिक महत्व छ र तिनीहरूले मानव समुदायलाई धार्मिक तथा साँस्कृतिक रूपले शताब्दीऔंदेखि उत्साहित र आनन्दित पार्दै आएका छन् जसले वातावरणीय चेतना बढाउँने अन्तर्राष्ट्रिय दूतको रूपमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन्।

### *BirdLife International कार्यक्रम तथा उद्देश्यहरू*

१. विश्वव्यापी रुपमा पन्छी विविधता तथा तिनका वैज्ञानिक अध्ययन अनुसन्धान र अनुगमन गर्ने।
२. विश्वव्यापी रुपमा पन्छी संरक्षण र यिनीहरूको विविधता, प्राकृतिक स्रोतको दिगो विकासका बारेमा नियम बनाउँने तथा त्यसबारे प्रकाश पार्ने।
३. वन्यजन्तु र मानव समाजका लागि सामुदायिक रूपमा भू-भागको सदुपयोग गर्न राष्ट्रिय रूपमा कार्यक्रम गर्ने।
४. पन्छी र यसको संरक्षणका लागि विभिन्न मुलुकमा रहेका संरक्षण सम्बन्धी संस्था तथा व्यक्तिहरूसँग सम्बन्ध स्थापित गर्ने।

बर्डलाइफ इन्टरनेशनलका प्रमुख कार्यहरू मध्ये पन्छीहरूका महत्वपूर्ण क्षेत्रहरू (Import Bird Area, IBA) पत्ता लगाई त्यसको तथ्याङ्क राख्नु हो। नेपालमा पनि पन्छीका महत्वपूर्ण क्षेत्रहरू तयार पार्ने कार्य नेपाल पन्छी संरक्षण संघले गरेको छ।

# नेपाल पन्छी संरक्षण संघ

## *Bird Conservation Nepal*

नेपाल पन्छी संरक्षण संघ चरा र चराको बासस्थानको संरक्षणमा काम गर्ने अग्रणी गैर सरकारी संस्था हो। सन् १९८२ मा स्थापित यस संस्थाको जनसाधारणमा चराहरूका बारेमा ज्ञान अभिबृद्धि गर्ने, चराहरूको विविधता तथा जीवनचक्रबारे अनुसन्धान गर्ने, चराहरूलाई पर्ने प्रमुख खतरा पत्ता लगाउने र तिनीहरूको वासस्थान संरक्षण गरी विभिन्न समुदायको जीविकोपार्जनमा पनि टेवा दिने मूल सिद्धान्त रहेको छ। यस संस्थाले विगतका वर्षहरूमा जैविक विविधता संरक्षणका साथै नेपालका २७ पन्छी संरक्षणका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय स्तरको क्षेत्रहरू घोषणा गरी कार्यक्रम गर्दै आइरहेको छ।

नेपाल पन्छी संरक्षण यसका संस्थापक, अध्यक्ष, संरक्षकहरू, आजीवन सदस्यहरू, साधारण सदस्यहरू, संघका शुभचिन्तकहरू तथा क्रियाशील समर्थकहरू रहेका संस्था हो।

यो संघ अन्तर्राष्ट्रिय संस्था बर्डलाईफ इन्टरनेशनलका १२० सदस्य देशहरू मध्येमा यस संस्था पनि Partner संस्था हो भने, हाल यसले एसियाकै सकंटापन्न जटायु संरक्षणमा देशभरी विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ।



**नेपाल पन्छी संरक्षण संघ**
पोष्ट बक्स १२४६५, काठमाण्डौ, नेपाल
फोन ४४१७८०५, ४४२०२१३, फ्याक्स ४४१३८८४
इमेल bcn@birdlifenepal.org
वेबसाइट www.birdlifenepal.org

*© २०७३ सर्वाधिकार नेपाल पन्छी संरक्षण संघमा निहित छ। यसमा प्रकाशित लेख र रचना लेखकका आफ्नै विचारहरू हुन्।*